सूचनाको हक सम्बन्धी ऐन २०६४ का दफा ५(३), सूचनाको हक सम्बन्धी नियमावलीको नियम ३ अनुसार

# प्रेषित सूचनाहरुको विवरण (२०७३ श्रावन देखि २०७४ आषाढसम्म)




नेपाल सरकार

## वन तथा भू-संरक्षण मन्त्रालय

# वनस्पति विभाग

# विषय सूची


| | |
|---|---|
| १. वनस्पति विभागको स्वरुप र प्राकृति | ३ |
| २. विभागको काम, कर्तव्य र अधिकार | ३ |
| ३ .निकायमा रहने कर्मचारी संख्या | ४ |
| ४. निकायबाट प्रदान गरिने सेवा, सेवा प्रदान गर्ने शाखा र जिम्मेबार निकाय | ६ |
| ५. निर्णय गर्ने प्रकिया र अधिकारी | ८ |
| ६. निर्णय उपर उजुरी सुन्ने अधिकारी | ८ |
| ७. प्रमुखको नाम र पद | ८ |
| ८. सूचना अधिकारीको नाम र पद | ८ |
| ९. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | ८ |
| १०.आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण | ९ |
| ११. अघिल्लो आ.व.मा विभागबाट सञ्चालित कार्यक्रमको विवरण | ९ |
| १२. विभागको website | ९ |
| १३. विभागले प्राप्त गरेका वैदेशिक सहायता, ऋण, अनुदान, एवंम प्राविधिक सहयोग, सम्भौता | ९ |
| १४. विचागले संचालन गरेका कार्यक्रमको सो को प्रगति विवरण | १० |
| १५. विभागमा परेको सूचना माग सम्बन्धि निवेदन र सो उपर दिएको विवरण | १४ |
| १६. सूचना  प्रकाशन | १४ |
| १७. संगठन संरचना | १४ |

## १.वनस्पति विभागको स्वरुप र प्राकृति

वि.स. १९९४ सालमा वनस्पति स्रोतको जगेर्ना र प्रयोग गर्ने हेतुले वनस्पति फाँट र वनस्पति गोश्वाराको स्थापना भए पश्चात वनस्पति सम्पदाको सर्वेक्षण, पहिचान, प्रविधि विकास, संरक्षण एवं सम्बर्द्धन तथा दिगो विकास गर्ने प्रमुख उद्देश्यले वि.स.२०१६ सालमा स्थापना भएको वनस्पति विभागले विज्ञान प्रविधिको क्षेत्रमा अध्ययन अनुसन्धान र विकासका विभिन्न चरणहरु पार गर्दै हालको अवस्था सम्म आइपुगेको छ । विगतको संगठन संरचना २०५५ मा सामान्य हेरफेर भई २०५७ सालदेखि पुनः सञ्चालनमा आएको छ र हाल सोही संरचना अन्तर्गत विभागका सम्पूर्ण तहका कर्मचारीहरु परिचालन गरी सफलतापूर्वक कार्य सञ्चालन हुदै आएका छन् ।

नेपालमा पाइने वानस्पतिक स्रोतको विविधताको अन्वेषण, संकलन, पहिचान, नमूनाहरुको संरक्षण, अध्ययन, अनुसन्धान र तिनीहरुको स्वस्थानीय वा परस्थानीय संरक्षण र व्यवस्थापन गर्ने, तिनमा विद्यमान रसायनिक तत्वहरुको अध्ययन अनुसन्धान विश्लेषण, दिगो उपयोग, आयमूलक रोजगार सृजना गर्ने तथा औद्योगिकीकरणका लागि परामर्श सेवा प्रदान गरी देशको आर्थिक विकासमा टेवा पुर्‍याइ सामाजिक अवस्था उकास्न मद्दत गर्ने यस विभागको मुख्य उद्देश्य रहेको छ ।

### वनस्पति विभागबाट सृजित संस्थाहरु

- वि.स. २०२९ सालमा शाही औषधी लिमिटेड हाल नेपाल औषधी लिमिटेड
- वि.सं.२०३७ सालमा औषधि व्यवस्था विभाग
- वि.सं. २०३८ सालमा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी
- वि.सं. २०५० सालमा वनस्पति विभागको शाही औषधी अनुसन्धानशाला लाई औषधी व्यवस्था विभागको एउटा कार्यालयको रुपमा खडा गरीएको छ र हाल राष्ट्रिय औषधी प्रयोगशालाको रुपमा रहेको छ ।

**वनस्पति विभाग** वन तथा भू-संरक्षण मन्त्रालयको मातहतमा रहेको छ । यस विभागको प्रमुखमा महानिर्देशकको नेतृत्व रहेको छ र प्रशासकीय प्रमुखको रुपमा उप-सचिव रहेका छन् । २ वटा महाशाखाहरु र सो अन्तर्गत अन्य शाखाहरु, ३ वटा केन्द्रिय कार्यालयहरु र ७ वटा जिल्ला वनस्पति कार्यालयहरु रहेका छन । प्रत्येक महाशाखाका प्रमुखको रुपमा सह-सचिव (प्रा) रहने व्यवस्था छ भने केन्द्रिय कार्यालयहरुमा उप-सचिव (प्रा) रहने व्यवस्था छ । यस विभागमा जम्मा ३५२ जना कर्मचारीको दरवन्दी रहेको छ । यस विभाग अन्तर्गत ईलाम, धनुषा, मकवानपुर, सल्यान, बाँके, जुम्ला र कैलालीमा जिल्ला वनस्पति कार्यालयहरु रहेका छन् ।

## २. विभागको काम, कर्तव्य र अधिकार

बैज्ञानिक अध्ययन तथा अनुसन्धानद्धारा वानस्पतिक स्रोतको पहिचान गरी प्रविधि विकासको माध्यमबाट तिनको स्वस्थानीय तथा परस्थानीय संरक्षण एवं व्यवस्थापन गर्ने र वनस्पति स्रोतको दिगो विकास गरी मुलुकको आर्थिक विकासमा टेवा पुर्‍याउन प्रयासरत यस विभागले निम्न कार्य क्षेत्रहरुमा केन्द्रित रही विभिन्न क्रियाकलापहरु संचालन गर्दै आईरहेको छ ।

- हर्वेरियम नमुनाहरु पहिचान, हर्वेरियम व्यवस्थापन र फ्लोरा प्रकाशन गर्ने ।
- वनस्पति उद्यानहरुको वौज्ञानिक व्यवस्थापन गरी वंशानुगत स्रोतको संरक्षण र विकासकोलागि अध्ययन अनुसन्धानका साथै वनस्पति उद्यान सम्बन्धी विविध सेवा प्रदान गर्ने ।
- मुलुकमा उपलब्ध जैविक विविधतालाई जैविक एवं संरक्षण प्रविधिहरुको माध्यमबाट दिगो विकासका उद्देश्यहरु हासिल गर्ने ।
- शौक्षिक र संरक्षण उद्यानको व्यवस्थापन गर्ने ।
- विभिन्न वनस्पतिहरुमा रहेका उपयोगी रसायनिक तत्वहरुको अध्ययन अनुसन्धान तथा विश्लेषणात्मका कार्य गर्ने ।
- गैरकाष्ठ वन पैदावार लगायत विभिन्न वनस्पतिहरुमा निहित रसायनिक तत्वहरु र त्यसको सुक्ष्म जीव प्रतिरोधी गुणहरुको परीक्षण, प्रमाणिकरण र गुणस्तर निर्धारण गर्ने र सो सम्बन्धी सेवा प्रदान गर्ने ।
- देशमा विद्यमान जडीबुटी स्रोतको वर्तमान स्थिति पत्ता लगाउन स्थलगत सर्भेक्षण गरी गुणात्मक र परिमाणात्मक विश्लेषण गर्ने ।
- विभिन्न हावापानीमा पाईने उपयोगी जडीबुटीहरुको खेती प्रविधि विकास गर्न अनुसन्धानहरु गरी खेती प्रविधि विकास भएका जडीबुटीहरुको प्रविधि हस्तान्तरण गर्दै जाने ।
- वनस्पति स्रोत सम्पदाको अध्ययन अनुसन्धानका लागि स्थापित केन्द्रीय प्रयोगशालाहरुको समयानुकुल व्यवस्थापन तथा विस्तार गर्दै लाने ।
- वनस्पति स्रोत सम्बन्धी विभिन्न विधाहरुमा प्रचार प्रसार, तालिम तथा विशेषज्ञ एवं परामर्श सेवा प्रदान गर्ने ।

## ३ .निकायमा रहने कर्मचारी संख्या

यस विभागमा जम्मा १४७ जना कर्मचारीको दरवन्दी रहेकोमा ६६ पूर्ति र ८१ रिक्त रहेको छ ।

**कर्मचारी विवरण**

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह, उपसमुह | स्वीकृत दरवन्दी संख्या | पद पूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प्र.प.(प्रा.) | वन | | १ | १ | ० |
| २ | उपमहानिर्देशक- | रा.प्र.प.(प्रा.) | वन | वोटानी | १ | १ | ० |
| ३ | उपमहानिर्देशक- | रा.प्र.प.(प्रा.) | इन्जि | केमेष्ट्री | १ | १ | ० |
| ४ | वैज्ञानिक अधिकृत | रा.द्वि.प. | वन | वोटानी | ६ | ६ | ० |
| ५ | योजना अधिकृत | रा.द्वि.प. | वन | वोटानी | १ | १ | ० |
| ६ | उप सचिव | रा.द्वि.प. | प्रशासन | सा.प्र. | १ | ० | १ |
| ७ | अनुगमन तथा मुल्यांकन अधिकृत | रा.द्वि.प. | इन्जि | केमेष्ट्री | १ | १ | ० |
| ८ | तालिम अधिकृत | रा.द्वि.प. | इन्जि | केमेष्ट्री | १ | १ | ० |
| ९ | प्रचार प्रसार अधिकृत | रा.द्वि.प. | इन्जि | केमेष्ट्री | १ | ० | १ |
| १० | वैज्ञानिक अधिकृत | रा.द्वि.प. | इन्जि | केमेष्ट्री | १ | १ | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | वैज्ञानिक अधिकृत | रा.द्वि.प. | स्वास्थ्य | फार्मेसी | २ | २ | ० |
| १२ | शाखा अधिकृत | रातृतीय.प. | प्रशासन | सा.प्र. | २ | १ | १ |
| १३ | लेखा अधिकृत | रातृतीय.प. | प्रशासन | लेखा | १ | १ | ० |
| १४ | सहायक योजना अधिकृत | रातृतीय.प. | वन | वोटानी | १ | १ | ० |
| १५ | सहायक प्रचार अधिकृत | रातृतीय.प. | वन | वोटानी | १ | ० | १ |
| १६ | सहायक वैज्ञानिक अधिकृत | रातृतीय.प. | वन | वोटानी | ८ | ६ | २ |
| १७ | सहायक तालिम अधिकृत | रातृतीय.प. | वन | वोटानी | १ | ० | १ |
| १८ | उद्यान अधिकृत | रातृतीय.प. | वन | वोटानी | १ | १ | ० |
| १९ | सहायक तालिम अधिकृत | रातृतीय.प. | इन्जि | केमेष्ट्री | १ | ० | १ |
| २० | सहायक योजना अधिकृत | रातृतीय.प. | इन्जि | केमेष्ट्री | १ | ० | १ |
| २१ | सहायक प्रचार अधिकृत | रातृतीय.प. | इन्जि | केमेष्ट्री | १ | ० | १ |
| २२ | सहायक वैज्ञानिक अधिकृत | रातृतीय.प. | इन्जि | केमेष्ट्री | ६ | ४ | २ |
| २३ | सहायक निरिक्षण अधिकृत | रातृतीय.प. | इन्जि | केमेष्ट्री | १ | १ | ० |
| २४ | कम्प्युटर अधिकृत | रातृतीय.प. | विविध | ------------ | १ | १ | ० |
| २५ | मेकानिकल इन्जिनियर | रातृतीय.प. | इन्जि | मेकानिकल इन्जिनियरङ्ग | १ | १ | ० |
| २६ | सहायक रसायनविद् | रा.प्र.अनं.प. | इन्जि | केमेष्ट्री | ४ | २ | २ |
| २७ | नायव सुब्बा | रा.प्र.अनं.प. | प्रशासन | सा.प्र. | ४ | २ | २ |
| २८ | सुपरभाइजर | रा.प्र.अनं.प. | इन्जि | मेकानिकल इन्जिनियरङ्ग | २ | ० | २ |
| २९ | पुस्तकालय सहायक | रा.प्र.अनं.प. | शिक्षा | लाईवेरी विज्ञान | १ | ० | १ |
| ३० | वनस्पति सहायक | रा.प्र.अनं.प. | वन | वोटानी | ७ | ६ | १ |
| ३१ | कम्प्युटर अपरेटर | रा.प्र.अनं.प. | विविध | ------------ | १ | ० | १ |
| ३२ | लेखापाल | रा.प्र.अनं.प. | प्रशासन | लेखा | १ | १ | ० |
| ३३ | टा.सु.ना. | रा.प्र.अनं.प. | प्रशासन | सा.प्र. | २ | २ | ० |
| ३४ | ओभरसियर | रा.प्र.अनं.प. | इन्जि | मेकानिकल इन्जिनियरङ्ग | १ | ० | १ |
| ३५ | नायव प्राविधिक सहायक | राद्वि.अनं.प. | कृषि | हर्टिकल्चर | १ | ० | १ |
| ३६ | खरिदार | राद्वि.अनं.प. | प्रशासन | सा.प्र. | २ | २ | ० |
| ३७ | असिस्टेन्ट ल्याव टेक्नीसीयन | राद्वि.अनं.प. | इन्जि | मेकानिकल | १ | ० | १ |
| ३८ | फिल्ड असिस्टेन्ट | रातृ.अनं.प. | वन | वोटानी | २ | १ | १ |
| ३९ | ल्याव व्वाय | राच.अनं.प. | इन्जि | केमेष्ट्री | ५ | १ | ४ |
| ४० | हेड कामदार | राच.अनं.प. | वन | वोटानी | २ | ० | २ |
| ४१ | क्लिनर | राच.अनं.प. | इन्जि | मेकानिकल | १ | ० | १ |
| ४२ | हलुका सवारी चालक | श्रेणी विहिन | इन्जि | मेकानिकल | ४ | २ | २ |
| ४३ | माली | श्रेणी विहिन | प्रशासन | सा.प्र. | ६२ | १५ | ४७ |
| **जम्मा** | | | | | १४७ | ६६ | ८१ |

## ४. निकायबाट प्रदान गरिने सेवा, सेवा प्रदान गर्ने शाखा र जिम्मेबार निकाय (नागरिक वडापत्र)

# नागरिक बडापत्र

| स.नं. | सेवाको विवरण | आवश्यक प्रक्रिया | आवश्यक कागजातहरू | दस्तुर | समय | सम्पर्क राख्नुपर्ने शाखा/व्यक्ति | सेवा प्रदान गर्ने शाखा | उजुरी/गुनासो सुन्ने व्यक्ति र निजको फोन नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | वनस्पति स्रोत सम्बन्धी सूचनामूलक सामाग्रीहरुको वितरण एवं सूचना प्रवह | सम्बन्धित व्यक्ति संस्थाले शाखामा सम्पर्क राख्नुपर्ने | संस्थागत भए संस्थाको पत्र | निःशुल्क | यथाशिघ्र | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा प्रमुख/स.प्र.प्र.अ. | प्रचार प्रसार तथा डकुमेन्टेशन | उप महानिर्देशक ४२५११७१ | |
| २. | वनस्पति सम्बन्धी प्रकाशनको विक्री वितरण | | | सामाग्रीको मूल्य अनुसार | यथाशिघ्र | जिन्सी व्यवस्थापन शाखा प्रमुख | जिन्सी व्यवस्थापन | उप महानिर्देशक ४२५११७१ | |
| ३. | जडीबुटीजन्य स्रोत तथा विस्तार सम्बन्धी जानकारी | | | निःशुल्क | यथाशिघ्र | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा प्रमुख/स.प्र.प्र.अ. | जडीबुटी विकास तथा प्रवर्द्धन | उप महानिर्देशक ४२५११६० | |
| ४. | जैविक विविधता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनबाट संरक्षित विरुवाका प्रजातिहरु, जलवायु परिवर्तन सम्बन्धी जानकारी | | | निःशुल्क | यथाशिघ्र | | वायोडाईभर्सिटी | उप महानिर्देशक ४२५११६० | |
| ५. | टिस्युकल्चर प्रविधिबाट उत्पादिन विरुवाहरु खेती परिक्षणको लागि वितरण | आवेदन | रितपूर्वकको निवेदन तथा नागरिकताको प्रमाणपत्र वा परिचय खुल्ने प्रमाणपत्र वा संस्थाको दर्ता नं. खुल्ने कागजात | निःशुल्क | विरुवा तयार भएपछि शाखा प्रमुखबाट सम्पर्क गरिने | | वायोटेक्नोलोजी | उप महानिर्देशक ४२५११६० | विरुवा संख्या र रोप्ने ठाउँ खोल्नुपर्ने |
| ६. | वनस्पति स्रोत र सम्पदा सम्बन्धी नीति योजना तथा कार्यक्रमको बारेमा जानकारी | | | निःशुल्क | यथाशिघ्र | | योजना तथा कार्यक्रम | उप महानिर्देशक ४२५११६० | |
| ७. | विभाग र मातहत कार्यालयहरुको कार्यक्रमहरुको कार्य प्रगतिको जानकारी | | | निःशुल्क | यथाशिघ्र | | अनुगमन तथा मूल्याङ्कन | उप महानिर्देशक ४२५११६० | |
| ८. | विश्लेषण परिक्षण सेवा<br>FTIR<br>GCMS<br>HPLC | | | <br>५००/-<br>१०००/-<br>१२००/- | प्रयोगशालामा नमूना प्राप्त भएको मितिदेखि ७ कार्य दिन भित्र | व्यवस्थापन तथा विकास महाशाखा | इन्स्ट्रुमेन्ट शाखा | उप महानिर्देशक ४२५११७१ | |
| ९. | बाह्य स्रोतबाट माग भई आए अनुसार प्रशोधन सेवा उपलब्ध गराउने | | | प्रति मेशिनको प्रति घण्टा ५००/- | परिमाण हेरी ५ दिनदेखि १ महिनासम्म | सदुपयोग तथा पाईलट शाखा प्रमुख/स.बै.अ. | सदुपयोग तथा पाइलट | उप महानिर्देशक ४२५११७१ | |
| १०. | नेपाली विरुवामा अनुसन्धान अनुमति<br>स्वदेशी/विदेशी (नेपालमा परिक्षण गर्ने)<br>स्वदेशी/विदेशी (विदेशमा परिक्षण गर्ने) | | वनस्पति विभागको “वनस्पति स्रोत अध्ययन अनुसन्धान कार्यविधि २०७०” को अनुसूची १ अनुसारको निवेदन तथा कागजपत्र | निःशुल्क | १ सप्ताह | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा प्रमुख/स.प्र.प्र.अ. | वायोडाईभर्सिटी | उप महानिर्देशक ४२५११६० | <br>मन्त्रालयको सहमति प्राप्त भएको ३ दिन भित्र |
| ११.१ | जडीबुटीको सूक्ष्मजीवविरोधी क्षमता (एन्टिमाइक्रोवियल) परिक्षण* | परिक्षण गर्नुपर्ने नमूना आवश्यक कागजातहरु सहित बुझाउने | - रितपूर्वकको निवेदन<br>- विद्यार्थीको हकमा आवद्ध संस्थाको सिफारिस पत्र<br>- परिक्षण फारम संलग्न गरेको हुनुपर्ने<br>- संस्थाको हकमा निवेदन साथ संस्थाको दर्ता नं. एवं PAN/VAT नं. खुलेको प्रमाण पत्र संलग्न अथवा संस्थाको दर्ता नं. तथा PAN/VAT दर्ता नं. खुलेको लेटरप्याडमा निवेदन दिनुपर्ने | २,६००।- | नमूना प्राप्त भएको मितिदेखि १२ कार्य दिन भित्र | व्यवस्थापन तथा विकास महाशाखा | वायोलोजिकल | उप महानिर्देशक ४२५११७१ | सारतत्व परिक्षण गर्नुपर्ने नमूना न्यूनतम ३ ग्राम |
| ११.२ | जडीबुटीको सुक्ष्मजीव विरोधी क्षमता (एन्टिमाइक्रोवियल परिक्षण)<br>Minimum Inhibitory Concentration र Minimum Bactericidal Concentration सहित | | | ३,०००।- | नमूना प्राप्त भएको मितिदेखि २० कार्य दिन भित्र | | | | सारतत्व परिक्षण गर्नुपर्ने नमूना न्यूनतम ५ ग्राम |
| ११.३ | व्याक्टेरियाको टि.ए.भि.सि. (Total aerobic viable count of Bacteria) | | | ८००।- | नमूना प्राप्त भएको मितिदेखि २५ कार्य दिन भित्र | | | | परिक्षण गर्नुपर्ने नमूनाको न्यूनतम १०० ग्रामको ३ वटा छुट्टाछुट्टै सिलबन्दी बट्टा/प्याकेट |
| ११.४ | ढुसी र यिस्टको टि.भि.सि. (Total viable count of Yeasts & Moulds) | | | ८००।- | | | | | |
| ११.५ | इस्चिरिचिया कोली परिक्षण (*Escherichia coli* test) | | | ७००।- | | | | | |
| ११.६ | इन्टेरोव्याक्टेरियसी परिक्षण (Enterobacteriaceae test) | | | ५००।- | | | | | |
| ११.७ | साल्मोनेल्ला परिक्षण (*Salmonella* Test) | | | ९००।- | | | | | |
| १०. | सिजेल्ला परिक्षण (*Shigella* Test) | | | ९००।- | | | | | |
| ११.९ | क्लोस्ट्रिडियम परिक्षण (*Clostridium* Test) | | | ७००।- | | | | | |
| ११.१ | स्यूडोमोनास परिक्षण (*Pseudomonas* Test) | | | ७००।- | | | | | |
| ११.१ | स्टाफाइलोकोक्कस अउरियस (*Staphylococcus aureus* Test) | | | ८००।- | | | | | |
| १२. | राष्ट्रिय चाडपर्वहरुमा माग भई आए बमोजिम फूलको गमला आपूर्ति/सजावट गर्ने | आवेदन | सम्बन्धित निकायको पत्र | निःशुल्क | पत्र प्राप्त भएपछि | केन्द्रीय उद्यान सेवा शाखा प्रमुख | केन्द्रीय उद्यान सेवा, सिंहदरवार | उप महानिर्देशक ४२५११७१ | फूल, माला, गुच्छा, गमला, फुलदानी उपलब्ध हुनुपर्ने दिनभन्दा २ दिन अगावै आवेदन दिनुपर्ने |
| | सरकारी निकायका विशिष्ट पाहुनाहरुको स्वागत सत्कारमा फूल, माला, गुच्छा, गमला, फुलदानी आपूर्ति गर्ने | | | | | | | | |

## ५.निर्णय गर्ने प्रक्रिया र अधिकारी

सम्बन्धित शाखाबाट टिप्पणी उठाई सम्बन्धित महाशाखावाट सिफारीस गरी महानिर्देशकज्यूबाट स्विकृत गराउने । प्रत्येक कामसंग सम्वन्धी सम्पूर्ण कागजात तथा विवरणहरु, सम्वन्धित शाखाको शाखा प्रमुखले तोकेको कर्मचारीको जिम्मामा रहनेछ र निजले ती अभिलेखहरु आफू कुनै कारणबाट शाखामा नरहने भए पन्जिका बनाई अनिवार्य रुपमा बुझाउनु पर्नेछ । हरेक शाखाबाट उठान भएका निर्णय फाइल तथा तत्सम्वन्धी कागजातहरुको सूचि पंजिका वनाउन र व्यवस्थित गरी राख्ने जिम्मा तोकिएको फाँटवाला सहायक कर्मचारीको हुनेछ । निर्णय गर्ने तहबाट फाइल उपमहानिर्देशक हुदै सम्वन्धित शाखामा पठाईन्छ । निर्णयका फाइल वा कागजात प्राप्त भएपछि शाखा प्रमुखले त्यसको जानकारी सरोकारवालालाई दिनुपर्नेछ । फाइल जिम्मा लिने कर्मचारी विदामा वसेमा वा अनुपस्थित रहेमा कसले जिम्मा लिन भन्ने कुरा शाखाको प्रमुखले लिखित रुपमा तोकिदिनुपर्नेछ । फाइल वा कागजातको जिम्मेवारी पाएको/लिएको कर्मचारी अन्यत्र सरुवा भै जानुपर्ने भएमा सरुवा भई आउने कर्मचारीलाई वा तोकिएकौ अन्य कर्मचारीलाई वरवुझारथ गर्नु पर्नेछ ।

## ६.निर्णय उपर उजुरी सुन्ने अधिकारी

सेवाग्राहीले उल्लेखित सेवा प्राप्त गर्न नसकेमा वा कुनै सुझाव भएमा महानिर्देशक वा उपमहानिर्देशक समक्ष लिखित वा मौखिक उजुरी गर्न सक्नेछ । अथवा विभागको उजुरी पेटिकामा लिखित उजुरी हाल्न सक्नेछ ।

## ७. प्रमुखको नाम र पद

डा. अखिलेश्वर लाल कर्ण
महानिर्देशक
ईमेल : dg@dpr.gov.np

## ८. सूचना अधिकारीको नाम र पद

शिशिर पन्थी
वैज्ञानिक अधिकृत (उपसिचव प्रा.)
संपर्क नं. ९८४९१५१६७१
ईमेल : panthi.sishir@gmail.com

## ९. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्न बनेको ऐन, २०७४
- जडीबुटी एवं गैर काष्ठ वन पैदावार विकास नीति, २०६१
- वनस्पति श्रोतको अनुसन्धान कार्यविधि २०७० (पहिलो संसोधन २०७३)

- राष्ट्रिय वनस्पति पुरस्कार कार्यविधि २०७२
- सुनाखरी संकलन तथा खेती विकास (कार्यविधि) निर्देशिका, २०६९
- जैविक सुरक्षा निर्देशिका (२०६२)
- **वनस्पति विधेयक** : वनस्पति तथा वनस्पति स्रोतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्मानित संसदमा पेश भएको

## १०.आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

आ. ब. ०७३/७४को राजश्व आम्दानी : रु. १३,८७,६५१।

आ. ब. ०७३/७४को बार्षिक स्वीकृत कार्यक्रम तथा खर्च विवरण

| सि.नं. | ब.उ.शि.नं. | कार्यक्रम | विनियोजन | खर्च |
|---|---|---|---|---|
| १ | ३२९०१५३/४ | साधारण | ६,२५,६०,००० | ५,४६,४८,००० |
| २ | ३२९८०९३/४ | वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरण | १,०४,४५,००० | ८७,३८,००० |
| ३ | ३२९१५५३/४ | नेपाल व्यपार एकिकृत रणनीति (वन कार्यक्रम) | ४,२४,३६,००० | ४,०५,७६,००० |
| ४ | ३२९८०६३/४ | वनस्पति संरक्षण तथा उद्यान विकास | ३,११,०६,००० | २,५९,३७,००० |
| ५ | ३२९१०२३ | जडिबुटी विकास | ३,९९,६८,००० | ५७,९४,००० |
| | जम्मा बजेट | | १८,६५,१५,००० | १३,५६,९३,००० |

## ११. अघिल्लो आ.व.मा विभागबाट सञ्चालित कार्यक्रमको विवरण

आ. ब ०७२/७३ को बार्षिक स्वीकृत कार्यक्रम तथा खर्च विवरण

| सि.नं. | ब.उ.शि.नं. | कार्यक्रम | विनियोजन | खर्च |
|---|---|---|---|---|
| १ | ३२९०१५३/४ | साधारण | ७,४५,१०,००० | ६,३२,५१,००० |
| २ | ३२९८०९३/४ | वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरण | १,०४,७३,००० | ९६,६३,००० |
| ३ | ३२९१५५३/४ | नेपाल व्यपार एकिकृत रणनीति (वन कार्यक्रम) | २,२०,४०,००० | १,३६,५१,००० |
| ४ | ३२९८०६३/४ | वनस्पति संरक्षण तथा उद्यान विकास | २,९२,३८,००० | १,८०,८३,००० |
| ५ | ३२९१०२३/४ | जडिबुटी विकास | १९,४८,००० | १८,५५,६६८ |
| ६ | ३२९१५२४ | बहुसरोकारवाला वन कार्यक्रम | ६१,५०,००० | ४६,२६,००० |
| | जम्मा बजेट | | १४,४३,५९,००० | ११,११,२९,६६८ |

## १२. विभागको website : [www.dpr.gov.np](http://www.dpr.gov.np)

इमेल : info@dpr.gov.np

## १३. विभागले प्राप्त गरेका वैदेशिक सहायता, ऋण, अनुदान, एवंम प्राविधिक सहयोग, सम्भौता

कुनै पनि सम्झौता/ अनुदान प्राप्त नभएको ।

## १४. विचागले संचालन गरेका कार्यक्रमको सो को प्रगति विवरण

आ.व. २०७३/७४ को प्राथमिकताक्रम P1/ P2 का आयोजनाहरुको समष्टिगत प्रगति प्रतिवेदन

| क्र. सं | बजेट उपशिर्षक नं तथा आयोजना/ कार्यक्रमको नाम | मुख्य उपलब्धिहरु |
|---|---|---|
| १ | ३२९८०९-३/४ वनस्पति अध्ययन, अनुसन्धान तथा बजारीकरण (P1) | Dizitisation -६९९९ वटा हर्वेरियम नमूना । हालसम्म १७,५३५<br>Flora of Nepal Vol - 10 part 1 and 2 writing editing<br>विरुवाहरुको Targeted Collection अन्तर्गत तराईमा मकवानपुर, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु र दाङ्ग / पहाडमा सिन्धुपाल्चोक र देलखा तथा हिमालमा खप्तड क्षेत्रमा विरुवा संकलन, पहिचान गरी प्रतिवेदन तयार ।<br>'A Handbook of Flowering plants of Nepal' १००० प्रति पुस्तक प्रकाशन ।<br>'A Handbook of Flowering plants of Nepal : An Introduction' १००० प्रति पुस्तक प्रकाशन ।<br>Nepal Flora को महत्व, अवस्था र भावी योजना बारे वृतचित्र तयार गरिएको ।<br>Backlogue Specimen हरुको Database तयार गरी राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला (KATH) मा Digitized गरी Entry गरिएको ।<br>फाइटोकेमिकल, फर्माकोलोजिकल र वायोमिकल अध्ययन - १२ वटा वनस्पति प्रजातिहरु (चिया, लेमनग्रास, चुलेत्रो, अर्जुन छाल, धतुरो, करिपत्ता, आकास बेली, छतिवन, सर्पगन्धा, भ्रिंगराज, तिते फापर र पामरोजा) ।<br>१५२६ वटा विभिन्न जडीबुटी प्रजातिका नमूनाहरुको परीक्षण, विश्लेषण, प्रमाणीकरण, गुण निर्धारण तथा सिफारिस गर्ने कार्य भएको ।<br>मेकोनोप्सीस र एक्रोकारपसको बीउबाट टिष्युकल्चर प्रविधि विकास कार्य जारी । हालसम्म -११६ वटा प्रजाति ।<br>माइक्रोवायोलोजी शाखामा ११ सुक्ष्मजीव प्रजातिको कल्चर व्यवस्थापन गरी ६ प्रजातिका वनस्पतिको ३५ वटा सारतत्वहरुको एण्टीमाइकोबियल क्षमता अध्ययन गरिएको ।<br>Reference Chromatogram – १५ वटा नमूना संकलन गरी सुगन्धित तेल निकाली परीक्षण कार्य जारी<br>Chemical Constituents of Topographical Variation अध्ययन - २० वटा नमुना संकलन गरी सुगन्धित तेल निकाली परीक्षण कार्य जारी ।<br>CITES enlisted plant जटामसीको फिल्ड स्टाटस अध्ययनका सिन्धुपाल्चोक, गोरखा र धादिङ्ग जिल्लाको अध्ययन भ्रमण गर्दा सिन्धुपाल्चोकको ड्याङडुङ्गे पहाड र गोरखाको पाप्ले क्षेत्रमा जटामसीको अवस्था राम्रो भेटिएको ।<br>GTI program अन्तर्गत छनौट समितिको बैठक बसी १४ वटा अनुसन्धान प्रस्तावमध्ये ४ वटा छनौट गरी जनही रु. १५,०००।- अनुदान स्वरुप वितरण गरी अध्ययन कार्य भएको ।<br>Study and Documentation of Invasive Alien Species in Nepal ११८ |

| | | |
|---|---|---|
| | | प्रजातिका बिरुवाहरु संकलन गरी अभिलेखीकरण । जसमध्ये १८ प्रजातिका Invasive बिरुवाहरु पहिचान भएको ।<br><br>सिमसार फ्लोरा अभिलेखीकरण अन्तर्गत गैडहवा ताल रुपन्देहीको भ्रमण गरी ७४ प्रजाति र रुपा ताल कास्कीको भ्रमण गरी ८३ प्रजातिका हर्वेरियम नमूना संकलन कार्य गरि अभिलेखीकरण गरिएको ।<br><br>गुणस्तर विकासको लागि खेती प्रविधि अनुसन्धान अन्तर्गत इलाममा सतुवा, धनुषामा अश्वगन्धा, मकवानपुरमा (वनमुला, कालमेघ, वेतलौरी), बाँकेमा मेन्था, सल्यानमा पाषनभेद, जुम्लामा रोजमेरी र कैलालीमा सर्पगन्धामा अनुसन्धान कार्य भैरहेको ।<br><br>जैविक स्रोत तथा वनस्पतिको परम्परागत ज्ञानको उपयोगको अभिलेखीकरण - धनुषामा महरा समुदायमा, मकवानपुरमा चेपाङ्ग समुदाय, । बाँकेको राप्ती सोनारी क्षेत्रमा, कैलालीमा मगर र जुम्लामा खस समुदायले प्रयोग गर्ने वनस्पतिहरुको अभिलेखीकरण भएको । |
| २ | ३२९१०२-३/४<br>जडीबुटी विकास कार्यक्रम<br>(P1) | कार्यालय तथा फोकल टिमले छानेको जडीबुटी प्रजाति उत्पादन -२,५३,५०० गोटा जडीबुटी बिरुवा उत्पादन ।<br><br>वृहत जडीबुटी खेती विस्तारका लागि ६ जिल्लाहरुमा स्थान छनौट, कृषकहरुको ३० वटा समूह गठन, ३५४ जनालाई तालिम । १०,७६,००० गोटा बेर्ना उत्पादन भएको ।<br><br>आयमूलक जडीबुटी खेती सम्बन्धी तालिम, प्रशारण, भण्डारण अन्तर्गत ७ जिल्लामा १३७ जना कृषकलाई तालिम प्रदान ।<br><br>जडीबुटी खेती विस्तार तथा व्यवस्थापन सम्बन्धी फिल्ड स्तरीय कोचिङ्ग अन्तर्गत ७ जिल्लामा ३४१ जना कृषकहरुलाई सहभागी गराईएको । ७ जिल्लाका २४२ जना स्थानीय जडीबुटी कृषक, व्यापारी, मध्यस्थकर्ता लगायतका सरोकारवालाहरुलाई जडीबुटीको दिगो संरक्षण तथा संकलन सम्बन्धी फिल्डस्तरीय अन्तरक्रिया गोष्ठीमा सहभागी गराईएको ।<br><br>एक गाउँ एक उत्पादन अन्तर्गत ७ जिल्लामा लौठसल्ला, सतावरी, चिराईतो, अतिस, कुरिलो, मेन्था, तेजपात गरी जम्मा ७४,००० बेर्ना उत्पादन तथा वितरण भएको ।<br><br>सामुदायिक तथा सार्वजनिक जग्गामा जडीबुटी खेती विस्तार सम्बन्धी संघ/संस्था/समूह/व्यक्तिलाई अनुदान -१५ समूह ।<br>- निजी जग्गामा रोपणका लागि गरिब तथा विपन्न वर्गलाई बिरुवा ढुवानी तथा वृक्षारोपण सहयोग अनुदान - ४६ जना । |
| ३ | ३२९८०६-३/४<br>वनस्पति संरक्षण तथा उद्यान विकास कार्यक्रम (P2) | २,०३,८६८ मौसमी शोभनीय फूल विरुवा उत्पादन भएको ।<br><br>९ वटा उद्यानहरुको व्यवस्थापन कार्ययोजना कार्यान्वयन (माइपोखरी, धनुषाधाम वृन्दावन, ढकेरी, मूलपानी, धिताचौर, देवरिया, केन्द्रीय उद्यान सिंहदरबार र विश्वशान्ति जैविक विविधता उद्यान) भएको ।<br><br>विभाग परिसरमा अत्याधुनिक स्वचालित ग्रीन हाउस निर्माण कार्य अन्तिम चरणमा ।<br><br>एक नगर एक उद्यान (पार्क निर्माण) - १० स्थानमा ।<br><br>सचेतना अभिवृद्धिका लागि ८ वनस्पति उद्यानहरुमा महत्वपूर्ण वनस्पतिहरु रोपण र तिनमा जानकारीमूलक Tagging लगाई शैक्षिक उद्यान व्यवस्थापन गरिएको ।<br><br>स्वदेशी शोभनीय फूल बिरुवा अध्ययन अनुसन्धान - ९ प्रजाति । |

| | | |
|---|---|---|
| | | ३० वटा दुलर्भ, लोपोन्मुख, वनस्पति प्रजातिको पर-स्थानीय संकलन तथा संरक्षण गरिएको ।<br><br>४ वटा वनस्पति उद्यानहरु (इलाम, बाँके, सल्यान र जुम्ला) मा २३५ थान अर्किड प्रजातिका बिरुवाहरुको संरक्षण तथा व्यवस्थापन भएको तथा चालु आ.व.मा संकलन कार्य भईरहेको ।<br><br>८ वटा वनस्पति उद्यानभित्र फर्न उद्यान, Taxonomical Family Garden, जलीय उद्यान र इथनोवोटानिकल वाटिका स्थापना तथा व्यवस्थापन कार्यलाई निरन्तरता दिईएको । |
| ४ | ३२९१५५-३/४ नेपाल व्यापार एकिकृत रणनीति (वन कार्यक्रम) ($P_1$) | विभाग परिसरमा अत्याधुनिक प्रयोगशाला निर्माण कार्य जारी रहेको ।<br><br>Lab Accreditation program अन्तर्गत GCMS instrument का लागि अत्यावश्यक column खरिद गरिनुका साथै प्रयोगशालाका लागि आवश्यक ग्लासवेयर खरिद भएको । त्यसैगरी Accreditation support program अन्तर्गत प्रा.स.अ. मा DIGITAL BALANCE and WEIGHT (mass calibration) कार्य NBSM बाट भएको तथा Phytochemical screening को SOP कार्य भएको ।<br><br>Quality Standards of Nepalese Medicinal Plants – टिमुर संकलन गरी Quality Standard को कार्य भएको ।<br><br>MSDS Preparation अन्तर्गत प्रा.स.अ.मा Ginger officinale, Holy basil oil, Thyme oil, Curcuma र Hedychium को MSDS तयार भएको ।<br>-Technology development अन्तर्गत प्रा.स.अ.मा जटामसी वाटरको Quality analysis कार्यको Technology development गरिएको ।<br><br>GACP प्रकाशन अन्तर्गत सेतो मुश्ली, नेपाली अतिस, पिपला, सतुवा र लौठसल्लाको अध्ययन प्लट स्थापना भई तथ्याङ्क संकलन भइरहेको ।<br><br>वायोलोजीकल शाखामा ११ सुक्ष्मजीव प्रजाति (व्याक्टेरिया ९ र फङ्गाईका २ प्रजाति) को कल्चर व्यवस्थापन गरिएको तथा कल्चर रेकर्ड डिजाईन गरी हालसम्म १२ पटक Monthly subculture र ३६ पटक Weekly subculture गरिएको ।<br><br>वायोटेक्नोलोजी शाखामा अर्किड प्रजातिका बिरुवामा टिष्युकल्चर प्रविधि विकास कार्य भैरहेको ।<br><br>Workshop on Chemical waste management ३६ जनाको सहभागितामा ।<br>Workshop on Environment safety and hazard management २८ जनाको सहभागिता । |

| | | |
|---|---|---|
| ५ | ३२९१२ -३/४<br>राष्ट्रपति चुरे तराई-मधेश संरक्षण कार्यक्रम<br>(P1) | ५ जिल्लामा अश्वगन्धा, सर्पगन्धा, लेमनग्रास, सिट्रोनेला, सजिवन, रिठा, बेल, सुगन्धकोकिला, सतावरी, तेजपात, श्रीखण्ड, अमला, विजयसाल लगायतका जडीबुटीहरु तथा गैरकाष्ठका २,९४,५०० गोटा बेर्ना उत्पादन भएको ।<br><br>(Ex-Situ Conservation) अन्तर्गत ५ स्थान (इलाम, धनुषा, मकवानपुर, बाँके र कैलाली) मा चुरे क्षेत्रमा पाईने महत्वपूर्ण वनस्पतिहरु रोपण गरी प्रदर्शनी स्थल स्थापना तथा व्यवस्थापन गरिएको ।<br><br>चुरे क्षेत्रका ४ जिल्ला (इलाम, धनुषा, मकवानपुर र बाँके) मा वनस्पतिहरुको परम्परागत औषधीय प्रयोगको अभिलेखीकरण कार्य भएको ।<br><br>(In- Situ Conservation) अन्तर्गत इलाममा साईकस, धनुषामा पलास, मकवानपुरको वृन्दावन उद्यानमा श्रीखण्ड, सुगन्धकोकिला, खयर, छतिवन, अमला, बेल, आदि विरुवा संकलन भई रोपण कार्य भएको ।<br><br>आय आर्जन तथा जिविकोपार्जनका लागि चुरे क्षेत्र, सामुदायिक वन, सार्वजनिक जग्गा, निजी जग्गा तथा नदी उकास क्षेत्रका विपन्नका लागि जडीबुटी खेती अन्तर्गत धनुषामा १२.७ हेक्टर क्षेत्रफलमा रोपण गरिनुका साथै कैलाली जिल्लामा ७ वटा समूहलाई कुरिलो, तेजपात, विजयसाल, नीम, बेल आदि जडीबुटीहरु वितरण तथा रोपण गराईएको ।<br><br>चुरेको भिरालो जग्गा तथा अन्य स्थानमा जडीबुटी बिरुवा वृक्षारोपण अन्तर्गत मकवानपुरको जरुङ्गशक्ति सा.व. लाई रकम अनुदान दिइएको तथा कैलालीमा ३ वटा सामुदायिक वन उपभोक्ता समूहबाट ७ हेक्टर क्षेत्रफलमा जडीबुटी बिरुवा रोपण भएको ।<br><br>रामापिथेकस वनस्पति उद्यान, बुटवल<br>१) पञ्चबर्षीय ब्यबस्थापन कार्ययोजना अनुरुप जैविक विविधता उद्यान निर्माण भएको ।<br>२) "रामापिथेकस क्षेत्रका वनस्पतिहरु" नामक पुस्तक प्रकाशन भएको ।<br>३) कुरिलो, अमला, निम, पारिजातका १०,००० विरुवा उत्पादन भएको ।<br>४) रामापिथेकस क्षेत्र संरक्षण तथा विकास समितिबाट नर्सरीको तारबारको कार्य सम्पन्न भएको ।<br><br>साकेला वनस्पति उद्यान<br>१) साकेला वनस्पति उद्यान संरक्षण तथा ब्यवस्थापन समिति लाई हस्तान्तरण गरिएको ।<br>२) साकेला नर्सरी निर्माण कार्य समिति मार्फत सम्पन्न भएको ।<br>३) अमला, तेजपातको ७५०० विरुवा उत्पादन भएको ।<br>४) Rose गार्डेनको Detailsd Designing कार्य सम्पन्न भएको ।<br><br>धनुषाधाम पोखरीमा गार्डेनिङ्गको लागि जग्गा छनौट, डिजाइन तथा इस्टिमेट भइ शिलबन्दी दरभाउपत्रको प्रक्रियाबाट ठेकेदार छनौट गरी सम्झौता र लेआउट भइ इस्टिमेट बमोजिम कार्य सम्पन्न भएको ।<br><br>सिरहामा वनस्पति उद्यान निर्माण<br>सल्हेश वनस्पति उद्यानमा नर्सरी निर्माण गरी ७००० बिरुवा उत्पादन गरिनुका साथै वाकिङ्ग ट्रेल निर्माण कार्य सम्पन्न भएको ।<br><br>सिम्रौनगढ वनस्पति उद्यान निर्माण<br>१) सिम्रौनगढ वनस्पति उद्यानको पञ्चबर्षीय ब्यवस्थापन कार्य तयार गरी वन तथा |

| | | |
|---|---|---|
| | | भू-संरक्षण मन्त्रालयबाट स्वीकृत भएको ।<br>२) उद्यान क्षेत्रको विरुवा संकलन तथा पहिचान गरी १५०० ब्रोसर प्रकाशन भएको ।<br>३) पारिजात, निम, श्रीखण्ड, धुपी, टाँकी, आदि बिभिन्न प्रजातीका २१,००० विरुवा उत्पादन भएको ।<br>४) पुष्पवाटिकाको संरचना निर्माण कार्य सम्पन्न भएको ।<br>५) उद्यानको पर्खाल, बोरिङ्ग, पानी ट्याँकी खरिद, पाइप लाइन निर्माण कार्य सम्पन्न भएको ।<br>६) मोटर तथा अन्य गार्डेनिङ्ग टुल्सहरु खरिद गरी सिम्रौनगढ वनस्पति उद्यान संरक्षण समितिलाई हस्तान्तरण गरिएको ।<br><br>जडीबुटी संकलन, संरक्षण तथा खेती विषयक तालिम अन्तर्गत इलाम, मकवानपुर र कैलली गरी जम्मा ६० जना कृषकहरुलाई सहभागी गराई जडीबुटी संकलन, संरक्षण तथा खेती विषयक तालिम प्रदान गरिएको । |

## १५. विभागमा परेको सूचना माग सम्बन्धि निवेदन र सो उपर दिएको विवरण

| निवेदन दिने संस्था/व्यक्ति | मागेको सुचनाको विवरण | कारबाहीको विवरण |
|---|---|---|
| - | - | - |

## १६. सूचना प्रकाशन

- बिभागबाट सञ्चालित अनुसन्धान कार्यका नतिजाहरुको प्रकाशन **Plant Resources** प्रकाशित गर्ने गरिएको र उक्त प्रकाशनलाई विभागको Website मा समेत राखिएको छ ।
- विभागबाट सञ्चातिल कार्यक्रम तथा गतिविधिहरुको जानकारी **"वनस्पति श्रोत"** त्रैमासिक समाचार पत्र मार्फत प्रदान गर्ने गरिएको र उक्त प्रकाशनलाई विभागको Website मा समेत राखिएको छ ।
- अन्य प्रचार प्रसार मूलक समाग्रीहरु : leaflet, booklet, posters , Plant Resource scientific publication लगायतका प्रकाशित सामाग्री वितरण गरिएको साथै विभागको Website मा समेत राखिएको छ ।

## १७. संगठन संरचना

## वन तथा भू-संरक्षण मन्त्रालय

## वनस्पति विभाग

**महानिर्देशक**

### अनुसन्धान तथा योजना महाशाखा

(उप-महानिर्देशक)
(वोटानी)

- वायोडाईभर्सिटि शाखा
- वायोटेक्नोलोजि शाखा
- योजना शाखा
- अनुगमन तथा मूल्यांकन शाखा
- तालिम शाखा

### केन्द्रिय कार्यालयहरु

- प्राकृतिक सम्पदा.अनुसन्धानशाला
- राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशाला
- राष्ट्रिय वनस्पति उद्यान

### जिल्ला वनस्पति कार्यालयहरु

- जिल्ला वनस्पति कार्यालय, ईलाम
- जिल्ला वनस्पति कार्यालय, धनुषा
- जिल्ला वनस्पति कार्यालय, मकवानपुर
- जिल्ला वनस्पति कार्यालय,सल्यान
- जिल्ला वनस्पति कार्यालय, जुम्ला
- जिल्ला वनस्पति कार्यालय, बाँके
- जिल्ला वनस्पति कार्यालय, कैलाली

---

- प्रशासन शाखा
- आर्थिक प्रशासन शाखा
- जिन्सि शाखा

### व्यवस्थापन तथा विकास महाशाखा

(उप-महानिर्देशक)
(केमेष्ट्रि)

- सदुपयोग तथा पाईलट शाखा
- व्यवस्था तथा विस्तार शाखा
- प्रचार प्रसार शाखा
- इन्स्ट्रुमेन्ट शाखा
- वायोलोजिकल शाखा
- केन्द्रिय उद्यान सेवा शाखा